त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
डीनको कार्यालय
OFFICE OF DEAN

# परीक्षा नियन्त्रण महाशाखा
EXAMINATION CONTROL DIVISION

Chakupat, Lalitpur, Nepal
Tel. 977-5260636, 5260716
Fax: 977-1-5260129
ecd@ioe.edu.np, www.exam.ioe.edu.np
चाकुपाट, ललितपुर, नेपाल
फोन: ५२६०६३६, ५२६०७१७
फ्याक्स: ५२६०१२९

च.नं.: ३५६ /०८३/०८४ मिति:२०८३/०५/२३

## बाढी प्राभावित परीक्षार्थीहरुको लागि विशेष व्यवस्था सम्वन्धी

# अत्यन्त जरूरी सूचना

उपर्युक्त सम्बन्धमा त्रि.वि. रजिष्ट्रारको कार्यालयको मिति २०८३-०५-१८ मा प्रकाशित सूचना बमोजिम भोटेकोशी वाढीबाट प्राभावित भई यस इ.अ.सं. परीक्षा नियन्त्रण महाशाखाबाट पूर्व प्रकाशित संशोधित परीक्षा तालिका अनुसार परीक्षामा सामेल हुन नसक्ने (अस्पतालमा भर्ना भई उपचाररत घाइते तथा घर परिवारका सदस्य गुमाई काजकिरियामा संलग्न) परीक्षार्थीहरूलाई मात्र २०८३ आश्विन दोस्रो हप्ता भित्र विशेष परीक्षाको व्यवस्था गर्नु पर्ने भएकोले सो विशेष परीक्षा सञ्चालन व्यवस्थापनका लागि बिपत्तिबाट प्रत्यक्ष प्रभावित परीक्षार्थीहरूले स-प्रमाण (घाइते विरामीको हकमा अस्पतालमा भर्ना भएको कागजात, र काजकिरियामा बसेको र घरवार विहीनको हकमा स्थानीय निकायको प्रमाणित कागजात) सहित सम्बन्धित क्याम्पस/कलेजबाट परीक्षा नियन्त्रण महाशाखामा आइपुग्ने गरी आफुले प्राप्त गरेको परीक्षा प्रवेश पत्रको प्रतिलिपि र छुट भई सामेल हुनु पर्ने बिषयहरूको सूचि समेत संलग्न गरी मिति २०८३-०५-३० गते भित्र सम्बन्धित क्याम्पस/कलेजमा निवेदन पेस गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशीत गरिएको छ। साथै सम्बन्धित क्याम्पस/कलेजबाट २०८३-०६-०१ गते भित्र यस महाशाखामा अनिवार्य रुपमा संकलित आवेदन पठाईसक्नु पर्नेछ।

**बोधार्थ:**

१. इ.अ.सं. अन्तर्गतका सबै क्याम्पस/कलेजहरू: *प्रभावित परीक्षार्थीको विवरण प्रमाणित रूजु गरी सूचना बमोजिम गर्नुहुन।*

२. इ.अ.सं. डीनको कार्यालय, पुल्चोक, ललितपुर।

डा. बाबुराम दवाडी
सहायक डीन तथा प्रमुख

CamScanner

त्रिभुवन विश्वविद्यालय
रजिष्ट्रारको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र संख्या :

रजिष्ट्रारको कार्यालय त्रिभुवन विश्वविद्यालय

मिति :- २०८३/०५/१८

**विषयः-भोटेकोशी बाढीबाट प्रभावित परीक्षार्थीहरुको लागि विशेष व्यवस्था सम्वन्धी अत्यन्त जरुरी सूचना**

मिति २०८३/०५/१० गते रसुवा जिल्लाको रसुवागढी भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीबाट उत्पन्न प्राकृतिक विपद्को अवस्थालाई मध्यनजर गरी त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय र सम्वन्धित डीन कार्यालयहरुबाट सञ्चालित सम्पूर्ण परीक्षाहरु स्थगित गरिएकोमा त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय र सम्वन्धित डीन कार्यालयहरुले प्रकाशित गरेको संशोधित परीक्षा तालिका अनुसार परीक्षा सञ्चालन हुनेछ। बाढीबाट प्रत्यक्ष प्रभावित भई जटिल परिस्थितिको सामना गरिरहेका (अस्पतालमा भर्ना भई उपचाररत घाइते तथा घरपरिवारका सदस्य गुमाइ काजकिरियामा संलग्न) लगायतका विपत्तिबाट प्रत्यक्ष प्रभावित भई संशोधित परीक्षा तालिका अनुसारको परीक्षामा समेत अनुपस्थित हुने परीक्षार्थीहरुको हकमा मात्र निजहरुले पेश गरेका प्रमाणित कागजात **(घाइते विरामीको हकमा अस्पतालमा भर्ना भएको कागजात र काजकिरिया र घरवार विहिनको हकमा स्थानीय निकायको प्रमाणित कागजात )** का आधारमा त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयबाट लिइने परीक्षाहरुको लागि त्रि.वि परीक्षा नियन्त्रण कार्यालय,बल्खु र सम्वन्धित डीन कार्यालयहरुको हकमा सम्वन्धित डीन कार्यालयहरुले प्रकाशित गरेको तालिका बमोजिम नियमित परीक्षा सरह नै हुने गरी तोकिएको परीक्षा केन्द्रहरुमा मात्र २०८३ आश्विन महिनाको दोस्रो हप्ताभित्र सञ्चालन हुने गरी परीक्षा लिइने व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

०५/१८
डा.रविन्द्र शिवाकोटी
रजिष्ट्रार

फोन नं: ४३३०४३६, ४३३०५३३, फ्याक्स: ९७७-१-४३३०३१५, पो.ब.नं.: ८२१२, E-mail: registraroffice@tu.edu.np

CamScanner